लुम्बिनी प्रदेश सरकार
# उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प.सं. :- ०८२/८३
च.नं. :- ३२३

मिति :- वि.सं. २०८२/१०/१२

ने.स. :- ११४६ सिल्लाथ्व, ८ सोमवार

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री यातायात व्यवस्था कार्यालय/सेवा कार्यालय,, सबै ।

प्रस्तुत विषयमा यातायात व्यवस्था विभागको च.नं. प्रा. ९८१, मिति २०८२/१०/०७ को भारतीय सवारीको पटके बाटो ईजाजत सम्बन्धमा विषयको पत्र यसै साथ संलग्न छ । थप बेहोरा पत्रबाटै अवगत गरी पत्रमा उल्लेख भएबमोजिमका विषय कार्यान्वयनको लागि यातायात व्यवस्था कार्यालयहरुलाई निर्देशन हुन लेखिआएकोले जिल्ला प्रशासन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, भन्सार कार्यालय एवम् सरोकारवाला अन्य संघ संस्थाहरुसँगको समन्वयमा उक्त विषय कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ।

२०८२/१०/१२

...........................
(नरेन्द्र गौतम)
प्रदेश सचिव



about:blank

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाण्डौं ।

फोन ४४७४९२१
४४७४७६८
४४७४७६
४४७४९२२
Email: trans@dotm.gov.np
Website : www.dotm.gov.np

पत्र संख्या: २०८२/०८३
चलानी नं.: प्रा.९८१

मिति: २०८२।१०।०७

श्री यातायात व्यवस्था तथा संचार मन्त्रालय, कोशी प्रदेश, विराटनगर, मोरङ ।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री श्रम रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी) ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूर पश्चिम प्रदेश, धनगढी, कैलाली ।
श्री सवारी परीक्षण कार्यालय, सबै।

<u>विषय: भारतीय सवारीको पटके बाटो ईजाजत सम्बन्धमा।</u>

प्रस्तुत विषयमा, विदेशमा दर्ता रहेका सवारी साधन प्रचलित कानून विपरीत अनाधिकृत रुपमा नेपालमा संचालन हुने गरेकोले सो को कडा नियमन गरि पाउन यस विभागमा परेको निवेदन/गुनासोको सम्बन्धमा नेपालमा सवारी तथा यातायात व्यवस्था ऐन-२०४९ को दफा २९, ३० र ८१ साथै सवारी तथा यातायात व्यवस्था नियमावली-२०५४ को दफा ३२ मा रहेको व्यवस्था तथा प्रदेशको सम्बन्धित ऐन समेतको आधारमा तपशिल अनुसार हुने व्यवस्था मिलाउनको लागि मातहतका यातायात व्यवस्था कार्यालयहरुलाई आवश्यक निर्देशन हुनको लागि मिति २०८२।१०।०७ को निर्णयानुसार अनुरोध गरिन्छ ।

<u>तपशिल:</u>

१. यात्रुवाहक सवारीलाई नियमन गर्न नेपाल भारत बीच सन २०१४ मा भएको सम्झौता अनुसार संचालित सवारी वाहेकका विदेशी सवारीले नेपालमा नियमित यातायात सेवा संचालन गर्ने अनुमति नपाउने।
२. विदेशमा दर्ता रहेको जुनसुकै सवारीले नेपालको बाटो प्रयोग गर्दा ऐनको दफा ३० तथा दफा ८१ मा भएको व्यवस्था अनुसार यातायात व्यवस्था कार्यालय वा सवारी परीक्षण कार्यालयबाट पटके बाटो अनुमति लिनुपर्ने।
३. प्रदेश अन्तरगतका यातायात कार्यालयहरुले सम्बन्धित प्रदेश भित्रको रुट कायम भएको बाटोमा मात्र तथा सवारी परीक्षण कार्यालयहरुले दुई वा सो भन्दा बढी प्रदेश भित्रको गन्तव्य सम्म जान र आउन पाउने गरि पटके बाटो ईजाजत दिन सकिने।
४. यसरी दिईने पटके बाटो ईजाजत बढीमा सात दिनको लागि हुने तर विशेष अवस्थामा समय थप गर्नु पर्ने भएमा ऐनको दफा-३० विपरीत नहुने गरि समय अवधि थप गर्न सकिने।
५. प्रदेश भित्रको गन्तव्यसम्म जान र आउनको लागि माँग भएको पटके बाटो ईजाजत बापतको शुल्क प्रदेश कानूनमा व्यवस्था भए अनुसार हुने। दुई वा सो भन्दा बढी प्रदेशको बाटो प्रयोग गरि गन्तव्य सम्म जाने र आउने सवारीको पटके बाटो ईजाजत बापतको शुल्क सवारी तथा यातायात व्यवस्था नियमावली-२०५४ (नियम-३२) अनुसार हुने।

..............................
(सञ्जय कुमार थिङ्)
मेकानिकल इन्जिनियर

<u>बोधार्थ:</u>

श्री प्रहरी प्रधान कार्यालय, कार्य विभाग, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखा, नक्साल, काठमाडौं:— यसै अनुसार आवश्यक नियमनको व्यवस्था मिलाउनकोलागि अनुरोध गरिन्छ।

CS CamScanner